स्थानीय सरकार

# मेलुङ गाउँपालिका

ཨེ་ལུང་ གྲོང་སྡེ་པ་ལི་ཀ། | मेलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८१।०८२
चलानी नम्बर : ११८
सूचना

भेडुपु, दोलखा
बागमती प्रदेश, नेपाल

<u>राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा-२०८१, सञ्चालन सम्वन्धी सूचना</u>

मितिः २०८१/०८/११
(ने.सं.: ११४५ कछलागा ११ मंगलवार)

श्री सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरु,
मेलुङ गाउँपालिका, दोलखा।

मेलुङ गाउँपालिका स्थानीय तह स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनार्थ मेलुङ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१/०७/०३ गतेको निर्णयानुसार तपसिल बमोजिम **चौथो मेलुङ गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१** सञ्चालन हुने भएकोले मेलुङ गाउँपालिका स्थित सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुलाई सहभागिताका लागि अनुरोध छ।

<u>तपसिल</u>

१. <u>खेल सञ्चालन हुने मिति, समय र स्थानः</u>
   - मितिः २०८१/०८/२१ देखि २३ गते सम्म
   - समयः विहान १०:०० बजे (मंसिर २१ गते विहान १०:०० बजे कार्यक्रम उद्घाटन)
   - स्थानः मेलुङ-६, टुँडिखेल

२. <u>खेलका किसिम र सहभागिताः</u>
   - भलिवल
     - i. छात्रः खेलाडी सङ्ख्या ९ जना
     - ii. छात्राः खेलाडी सङ्ख्या ९ जना
   - एथलेटिक्स
     - i. दौड (ट्र्याक तर्फ): छात्र/छात्रा दुवै, १०० मि, २०० मि, ४०० मि,
     - ii. रिले दौडः छात्र/छात्रा दुवै ४*१०० मि. र ४*४०० मि।
   - उफ्रने र फ्याँक्ने (फिल्ड) तर्फ
     - i. हाईजम्प, लङजम्प, त्रिपलजम्प र ज्याभलिङ थ्रो (छात्र/छात्रा) दुवै।
     - ii. सटपुट (छात्र सटपुट १२ पाउन्ड, छात्रा सटपुट ८ पाउन्ड)

स्थानीय सरकार
मेलुङ गाउँपालिका
མེ་ལུང་ གྲོང་ཁྱེར་ཁུལ་ | मेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पत्र सङ्ख्या : ०८१/०८२
~~चलानी~~ नम्बर : ११७
सूचना

भेडपु, दोलखा
बागमती प्रदेश, नेपाल

३. खेलका नियमहरुः

- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौ संशोधन) बमोजिम अंक प्रदान गर्ने र खेल खेलाईने छ।
- खेलाडी चालु शैक्षिक सत्र २०८१ मा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत विद्यार्थी हुनुपर्नेछ, विद्यार्थी विवरण IEMIS-२०८१ मा ईन्ट्री भएको हुनुपर्नेछ र १८ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।विद्यार्थीको परिचय पत्र र जन्मदर्ता प्रमाणपत्र अनिवार्य साथमा हुनुपर्नेछ।
- एथलेटिक्स विधातर्फ प्रत्येक खेलाडीले १ ट्र्याक र २ फिल्ड वा २ ट्र्याक र १ फिल्ड मा सहभागि हुन पाईने छ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा ड्रेस र जुत्ता अनिवार्य लगाउनु पर्नेछ। पोशाकको व्यवस्था विद्यालयले गर्नुपर्नेछ।
- राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा प्रथम, द्वितिय र तृतीय हुने विद्यालय र खेलाडीलाई शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गरिनेछ।
- प्रतियोगितामा सहभागीले दर्ता, मिति २०८१/०८/१९ गते ४ बजे भित्र गरि सक्नुपर्नेछ। खेलाडीको नाम दर्ता गर्दा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुचि-१ बमोजिमको फारम भरि बुझाउनुपर्नेछ। सहभागी खेलाडीको फर्ममा फोटो टाँसी विवरण भरि प्रधानाध्यापकको दस्तखत गरि विद्यालयको छाप अनिवार्य रुपमा लगाई जन्मदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित पेश गर्नु पर्नेछ।
- विद्यार्थीको वैधताको विषयमा कुनै विवाद भएमा विद्यालयको प्रधानाध्यापक नै जवाफदेही हुनुपर्नेछ। आयोजक समिति र निर्णायकको निर्णयनै अन्तिम हुनेछ। यदि अवैध खेलाडी खेलाएको प्रमाणित भएमा पदक जितेको भएता पनि सो पदक रद्ध गरिनेछ।
- भलिवल नकआउटको आधारमा र अन्य खेलहरु एथलेटिक्स संघको नियमानुसार खेलाईनेछ।
- मिति २०८१/०८/२१ गते विहान १०:०० बजे हुने मार्चपासको खेलाडी विद्यालयको व्यानर र झन्डा सहित उपस्थीत हुनु पर्नेछ। उत्कृष्ट मार्चपासलाई पुरस्कृत गरिनेछ।

०८/११
(हरिराम चापागाई)
नि. प्रमुख प्रशासकीय अधिकृत